# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, साउन २५ गते २०५५ साल (संख्या १७

## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले गाउँ विकास समिति ऐन, २०४८ को दफा ५१ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरूका देहायका गाउँ विकास समितिहरूको निर्वाचन सम्पन्न नभएसम्मको लागि २०५५ साल वैशाख १ गतेदेखि बढीमा १ वर्षको लागि सोही ऐनबमोजिम गाउँ विकास समितिलाई प्राप्त काम, कर्तव्य र अधिकार सम्बन्धित गाउँ विकास समितिको सचिवले प्रयोग र पालन गर्ने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

| क्रम संख्या | जिल्ला | गाउँ विकास समिति |
|---|---|---|
| १. | इलाम | चुलाचुली र बाँझो |
| २ | गोरखा | नामजुङ |
| ३ | अर्घाखाँची | बल्कोट |
| ४. | डोल्पा | लहाँ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | | |
|---|---|---|
| ५. | रुकुम | स्यालगढी, सिस्ने, रन्मामैकोट, मग्मा, दुली, झुला, गरायला सिम्ली, अर्मा, पेउघा, मुरु, भलाक्चा, चोखा-वाङ, रूघा, खारा चुनवाङ, काँडा, राङसी, मरावाङ, कोल, काँक्री, छिवाङ, पिपल, स्यालपाखा र पूर्तिमकाँढा |
| ६. | रोल्पा | जिनावाङ, जम्कोट, धवाङ, गजुल, पाछावाङ र स्रोत |
| ७. | सल्यान | दामाचौर, कालागाउँ, जिमाली, ढाकादाम, कोटमौला, शिवरथ कोटवाडा, वाफुखोला, बामे र पिपलनेटा |
| ८. | जाजरकोट | खलङ्गा, नायकवाडा, सकला, पुनमा, झाप्रा, ढिमे अर्ठानि, लहं रग्दा, र डाडाँगाउँ |

## सूचना २

श्री ५ को सरकारले गाउँ विकास समिति ऐन, २०४८ को दफा ५१ क. ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरूका देहायका गाउँ विकास समितिहरूमा गाउँ परिषद्‌को गठन नभएसम्मको लागि २०५५ साल वैशाख १ गतेदेखि बढीमा १ वर्षको लागि सोही ऐनबमोजिम गाउँ परिषद्‌लाई प्राप्त काम, कर्तव्य र अधिकार सम्बन्धित गाउँ विकास समितिको सचिवले प्रयोग र पालन गर्ने गरी तोकेकोले सर्व-साधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

| क्रम संख्या | जिल्ला | गाउँ विकास समिति |
|---|---|---|
| १. | इलाम | चुलाचुली र बाँझो |
| २. | गोरखा | नामजुङ |
| ३. | अर्घाखाँची | बल्कोट |
| ४. | डोल्पा | ल्हाँ |
| ५. | रुकुम | स्यालगढी, सिस्ने, रन्मामैकोट, मग्मा, दुली, झुला, गरायला सिम्ली, अर्मा, पेउघा, मुरु, भलाक्चा, चोखावाङ, रुघा, खारा चुनवाङ, काँडा, राङसी, मरावाङ, कोल, काँक्री, छिवाङ, पिपल, स्यालपाखा र पूर्तिमकाँढा |

982



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ६. | रोल्पा | जिनवाङ, जम्कोट, धवाङ, गजुल, पाछवाङ र थ्रोत |
| ७. | सल्यान | दामाचौर, कालागाउँ, जिमाली, ढाकादाम, कोटमौला, शिवरथ कोटवाडा, वाफुखोला, वामे र पिपलनेटा |
| ८. | जारकोट | खलङ्गा, नायकवाडा, सकला, पुनमा, झाप्रा, ढिमे, अर्छानि, लहं रग्दा र डाडाँगाउँ |

## सूचना ३

श्री ५ को सरकारले जिल्ला विकास समिति ऐन, २०४८ को दफा ५९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्ला विकास समितिको निर्वाचन सम्पन्न नभएसम्मको लागि २०५५ साल वैशाख १ गतेदेखि बढीमा १ वर्षको लागि सोही ऐन बमोजिम जिल्ला विकास समितिलाई प्राप्त काम, कर्तव्य र अधिकार सम्बन्धित जिल्ला विकास समितिको सचिव (स्थानीय विकास अधिकारी)ले प्रयोग र पालन गर्न पाउने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ।

१. इलाम २. गोरखा ३. अर्घाखाँची ४. रुकुम ५. रोल्पा ६. सल्यान ७. प्यूठान ८. दाङ ९. दैलेख १०, जाजरकोट ११. सुर्खेत १२. बर्दिया १३. बाँके १४. डोल्पा १५. मुगु १६. जुम्ला १७. कालीकोट १८. हुम्ला।

## सूचना ४

श्री ५ को सरकारले जिल्ला विकास समिति ऐन, २०४८ को दफा ५९क. दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरूमा जिल्ला परिषद्को निर्वाचन सम्पन्न नभएसम्मका लागि २०५५ साल वैशाख १ गतेदेखि बढीमा १ वर्षको लागि सोही ऐन बमोजिम जिल्ला परिषद्लाई प्राप्त काम कर्तव्य र अधिकार सम्बन्धित जिल्ला विकास समितिको सचिव (स्थानीय विकास अधिकारी)ले प्रयोग र पालन गर्ने गरी तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ।

१. इलाम २. गोरखा ३. अर्घाखाँची ४. कुम ५. रोल्पा ६. सल्यान ७. प्यूठान ८. दाङ ९. दैलेख १०. जाजरकोट ११. सुर्खेत १२. बर्दिया १३. बाँके १४. डोल्पा १५. मुगु १६. जुम्ला १७. कालीकोट १८. हुम्ला

आज्ञाले,

केशवराज राजभण्डारी

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९४३

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले भंसार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी दैवी प्रकोपमा पर्ने व्यक्तिहरूको उपचारको लागि जापान सरकारले सहयोग स्वरूप उपलब्ध गराउने २१ कार्टुन औषधोपचारका सामाग्रीहरू। (Baisc and Supplementary Kits)मा भंसार महसुल र मूल्य अभिबृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, इञ्जिनियरिङ क्याम्पस, पुल्चोकमा ( BE Civil Science Group ) तेस्रो वर्षमा अध्ययनरत छात्र छात्राहरूले शैक्षिक भ्रमणको उद्देश्यका लागि अर्थ संकलनार्थ " Titanic " नामक अंग्रेजी चलचित्रको एक शो प्रदर्शन गर्दा सो मा लाग्ने मनोरंजन कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना ३

श्री ५ को सरकारले आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल बाल कल्याण परिषद् काठमाडौंले स्वास्थ्य शिविर, छात्रवृत्ति, औषधि, लत्ताकपडा, सोपमूलक आदि कार्यक्रम संचालनार्थ स्रोत संकलन गर्ने प्रयोजनार्थ "प्रेमपिण्ड" नामक नेपाली चलचित्र एक शो प्रदर्शन गर्दा सो मा लाग्ने मनोरंजन कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना ४

श्री ५ को सरकारले आर्थिन ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी सोलुखुम्बु जिल्ला वैनो गा. वि. वडा नं. ४ बस्ने श्री तेन्जी लामाको नाउँमा दर्ता रहेको सोही जिल्ला सल्लेरी गा. वि.स. वडा नं. ४ कि.नं. २९१,२९२, २९३,२९४, र ३६४ समेत कित्ता ५ को २.१३२.५० वर्ग मिटरको जग्गा श्री टांसी थोमसेन महा-विहार गुम्बालाई निज लामाले दानपत्र गरी दिंदा मालपोत कार्यालय सोलुखुम्वुबाट पारित हुने दानपत्रको लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह–सचिव

९८८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।